पाल्हीनन्दन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पाल्हीनन्दन, नवलपरासी

५नं. प्रदेश

# वोलपत्र/सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७४/१२/१४**

यस कार्यालयबाट चालु आ.व. ०७४/७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत कार्यक्रमहरू तपसिलमा उल्लेखित कार्यहरू ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको वोलपत्र/सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :**

१. सम्बन्धित कागजातहरू संलग्न भएको बोलपत्र/सिलबन्दी दरभाउ पत्र फाराम पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म बोलपत्रको हकमा तथा १५ औं दिनसम्म सिलबन्दी दरभाउ पत्रको हकमा यस कार्यालय समयभित्र राष्ट्रिय बाणिज्य बैंक परासी स्थित रहेको संचित कोष खाता नं.३१००३०४०१८१०४जम्मा गरेको भौचरलाई बोलपत्र/ सिलबन्दी दरभाउ पत्र हकमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई वा कार्यालयमा तोकिएको दस्तुर तिरी खरिद गर्न सकिने छ।

२. वोलपत्र/ सिलबन्दी दरभाउ पत्र खरीद गर्दा आ.व.०७४/७५ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७३/७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. खरीद गरिएका वोलपत्र तथा सिलबन्दी दरभाउ पत्रहरू उल्लेख भएका सबै विवरणहरू भरीवोलपत्र / सिलबन्दी दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरीखाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले क्रमशः ३१ औं तथा १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। म्यादभित्र प्राप्त हुन आएका वोलपत्र/सिलबन्दी दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहवरमा वोलपत्र खोल्न वाधा पर्ने छैन।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. वोलपत्र/ सिलबन्दी दरभाउ पत्रको प्रत्येक आइटमको भ्याट वाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ। वोलपत्र/सिलबन्दी दरभाउ पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ।

७. वोलपत्र/सिलबन्दी दरभाउ पत्रसाथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिको कार्यालय, पाल्हीनन्दन नवलपरासीको रा.वा.बैंक परासी शाखामा रहेको धरौटी खाता ३१००३०३००७१०४ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको वोलपत्र/ सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा क्रमशः १२० दिन र ७५ दिन म्याद भएको बाणिज्य वैंकवाट जारी भएको वैंक जमानत (***Bid Bond***) संलग्न हुनुपर्नेछ। वोलपत्रको मान्य अवधि ९० दिन र सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुनेछ।

८. कुनै पनि वोलपत्र/ सिलबन्दी दरभाउ पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र वोलपत्र/ सिलबन्दी दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन्। यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ।

९. मिति २०७५/१/५ गते दिनको १४:०० बजे वोलपत्रदाताहरूसंग बोलपत्र सम्बन्धि कागजात प्राविधिक स्पेशिफिकेसन निर्माण स्थल वा अन्य यस्तै कुरा सम्बन्धि छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ।

१०. वोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

११. रीत नपुगी वा म्याद नाघी आएका वोलपत्र/ /सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन।

१२. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई वोलपत्र/सिलबन्दी दरभाउ पत्रपुरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१३. बोलपत्र/ सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तीमा १२ महिना म्याद भएको परफरमेन्स वन्ड ***(Performance Bond)*** पेश गरी सम्झौता गर्नुपर्नेछ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

१५. बोलपत्र/ सिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकरी चाहिएमा यस कार्यालय (मो. नं. ९८५७०४६०३५६) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

## बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण

| क्र.सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक) | धरौटी रकम(रु.) | वोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०९/०७४/७५ | वोलपत्र | वार्ड नं.०२हरपुरमा वडा कार्यालय भवन निर्माण। | २१५३९५३।३१ | ६५०००।०० | ३०००।०० |
| ३. | १०/०७४/७५ | वोलपत्र | वार्ड नं.०३पेरसिया चौक देखि वडा कार्यालय जाने बाटोमा आर.सी.सी.ढलान निर्माण। | २४९९३०४।८९ | ७५०००।०० | ३०००।०० |
| ४ | ११/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०५ भगतपुरवा प्रेम गुप्ताको घर देखि जगदिश शर्माको घर सम्म आर.सी.सी.ढलान निर्माण। | १४६३११७।८६ | ४५०००।०० | १०००।०० |
| ५ | १२/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०१ रमपुरवा जगई बडइको चिरान मेशिन देखि बोर्डर सम्म आ.सी.सी.ढलान निर्माण। | १२४९९८५।२८ | ३८०००।०० | १०००।०० |
| ६ | १३/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०१रमपुरवा मुन्सरिफको घर देखि सुदमा यादवको घर सम्म र उदय हरिजनको घर देखि बेनु गुप्ताको घर सम्म आर.सी.सी.ढलान तथा नाला निर्माण। | ६८८६०८।५० | २००००।०० | १०००।०० |
| ७ | १४/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०१महेशपुर रमेश कहारको घर देखि कोटहीमाई स्थान सम्म आर.सी.सी.ढलान निर्माण। | १२९३०८९।१८ | ४००००।०० | १०००।०० |
| ८ | १५/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०१शंकरपुर नरसिंहको घर देखि बिहारी यादवको घर सम्म र प्रमोदको घर देखि भभुती चौधरीको घर सम्म तथा सिकेन्दरको घर देखि फेकुको घर सम्म आर.सी.सी.ढलान निर्माण। | ६८८२६४।३९ | २००००।०० | १०००।०० |
| ९ | १६/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.०२ हरपुर साविक वडा नं.२ मा अबध दुसाधको घर देखि जहदिनको घर हुदैं ओम प्रकाश गुप्ताको घर सम्म नाली तथा आर.सी.सी.ढलान निर्माण। | ४५०८१६।४४ | १५०००।०० | १०००।०० |
| १० | १७/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.२ हरपुर साविक वडा नं.१ मा पश्चिम नहर देखि गाउँको बिच बाटो हुदै मन्दिर सम्म आर.सी.सी.ढलान निर्माण। | ४५१४६५।५६ | १५०००।०० | १०००।०० |
| ११ | १७/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.२ हरपुर साविक वडा नं.४ मा दामोदर गुप्ताको घर देखि महेशपुर जाने बाटो सम्म आर.सी.सी.ढलान निर्माण। | ८७८६८१।२३ | २५०००।०० | १०००।०० |
| १२ | १८/०७४/७५ | सिलवन्दी दरभाउ पत्र | वार्ड नं.२ हरपुर साविक वडा नं.८ मा ट्रान्सफर्म देखि कुला सम्म(मुडेरा देखि भक्सीपुर सम्म) आर.सी.सी.ढलान र पक्की नाला निर्माण। | ६८९२१२।५५ | २००००।०० | १०००।०० |

प्रमुख प्रशासकिय अधिकृत